नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

मितिः २०७९/११/१४

## प्रेस विज्ञप्ती

**(क)राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धि मुद्दा उच्च अदालत तुलसीपुर नेपालगन्ज ईजलासमा मिति २०७९।११।१४ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

क. जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका वडा न. ११, स्थायी ठेगाना भएका ए.एम. जनरल अर्डर एण्ड सप्लायर्स (स्थायी लेखा नं.६०६९८६३२०) को प्रोप्राइटर आमिर अन्सारी ..........................१

ख. जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका वडा न. ११, स्थायी ठेगाना भएका मोहम्मद रिजवान अन्सारी (नागरिकता नं. ६६-०१-७२-०४१४२/बाँके)..........................................................१

**२.कसूरको संक्षिप्त विवरणः** ए.एम जनरल अर्डर एण्ड सप्लायर्स स्थायी लेखा नं ६०६९८६३३२० ले चोरी पैठारी गरी नेपालभित्र मालवस्तु भित्र्याइ, जारी भै सकेको कर विजक पुनः जारी गरी (नक्कली कर विजक बनाइ), फर्म दर्ता सम्वन्धी सरकारी कागजातमा उल्लेख भएको स्थानमा कारोवार नगरी, कारोवारको स्थल गोप्य राखी निजी निवासमा मालवस्तुको भण्डार गरी र कानूनले दिएको सफाइको मौकालाइ समेत वेवास्था गरी अनुसन्धानको क्रममा बोलाइएको बखत कार्यालयमा अनुपस्थित रही आफू प्रति लाग्ने कसुरलाइ स्वीकार गरेको देखिइ निज प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ.ऐनको दफा ४(क) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर गरेको ।

**३.कायम भएको बिगो र सजायको मागदावीः**

**प्रतिबादी ए.एम जनरल अर्डर एण्ड सप्लायर्सको प्रोप्राइटर आमिर अन्सारीले** चोरी पैठारी गरी अवैध रुपमा भण्डारण गरी राखेका बिभिन्न ४८ प्रकारका माल बस्तुको बिगो **रु.३४,३३,७२१।-** र नक्कली कर बीजक बनाई बिक्रि गरेको चिनिको बिगो **रु.२,५४,९९९।-** समेत गरी जम्मा बिगो **रु.३६,८८,७२०।-(अक्षेरेपी छत्तिस लाख अठासी हजार सात सय बिस रुपैया मात्र)** राजश्व छलि गरेकोले निज प्रतिबादीको उक्त कार्य राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क) र (झ) बमोजिमको कसूर भएकोले सोही ऐनको दफा २३(१) बमोजिम बिगो **रु.३६,८८,७२०।- (अक्षेरेपी छत्तिस लाख अठासी हजार सात सय बीस रुपैया मात्र)** असुल वा जफत गरी प्रतिवादीलाई बिगोको शत प्रतिशत जरिवाना तथा सोहि ऐनको दफा २३(१) (क) बमोजिम कैद सजाय हुन र अर्का **प्रतिबादी मोहम्मद रिजवान अन्सारीले** प्रतिबादी अमिर अन्सारी संग मिलेमतो गरी भारतबाट चोरी पैठारी गरी अवैध रुपमा चिनी नेपालमा भित्राई नक्कली कर बीजक छपाई/बनाई बिगो **रु.२,५४,९९९।-** को चिनि बिक्रि गरी राजश्व छली गरेकोले निज प्रतिबादीको उक्त कार्य राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क) र (झ) बमोजिमको कसूर हुँदा निज प्रतिबादीलाई सोही ऐनको दफा

टेलिफोनः ०८१-५४०२३९, ०८१-५४०००४, ०८१-५४००३९, ०८१-५४१९९९
Website:- riokohalpur.dri.gov.np, Email: kohalpur@dri.gov.np, irokohalpur@gmail.com
गुगल प्लस कोडः-5MWQ+VP,Kohalpur

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

२३(१) बमोजिम बिगो **रु.२,५४,९९९।-** (अक्षरेपी दुई लाख चवन्न हजार नौ सय उनान्सय रुपैया मात्र) असुल वा जफत गरी प्रतिवादीलाई बिगोको शत प्रतिशत जरिवाना तथा सोहि ऐनको दफा २३(१) (क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोगपत्र पेश गरिएको व्यहोरा सादर अनुरोध छ ।

साथै प्रस्तुत मुद्दामा अन्य कोही कसैको समेत संलग्नता खुल्न आएमा सोही बखत अनुसन्धान गरी पूरक अभियोगपत्र पेश गरिने र अनुसन्धानको क्रममा नै फरार रहेको ए.एम. जनरल एण्ड अर्डर सप्लायर्सका प्रोप्राईटर आमिर अन्सारी र अनुसन्धानको क्रममा तारेखमा रहेका तर हाल तारेख गुजारी बसेका प्रतिवादी मो. रिजवान अन्सारीलाई तहाँ सम्मानित अदालतबाट कानून बमोजिमको म्याद जारी गरि पाउन सादर अनुरोध छ ।साथै राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २९ बमोजिम सुराकी र अनुसन्धान तथा तहकिकातमा संलग्न कर्मचारीलाई पुरस्कार रकम उपलब्ध गराउने समेत मागदावी लिईएको व्यहोरा सादर अनुरोध छ ।

**सुचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**

टेलिफोनः ०८१-५४०२३९, ०८१-५४०००४, ०८१-५४००३९, ०८१-५४१९९९
Website:- riokohalpur.dri.gov.np, Email: kohalpur@dri.gov.np, irokohalpur@gmail.com
गुगल प्लस कोडः-5MWQ+VP,Kohalpur